## हामी यस क्षेत्रका नागरिक समाज संस्थाहरू निम्न कुराको प्रतिबद्धता जनाउँछौं ।

- हाम्रो देशमा स्वच्छ खानेपानी र आधारभूत सरसफाइको अधिकारलाई संविधानका साथै क्षेत्रगत नीतिहरू तथा कानूनमा मान्यता दिलाउन, अहिलेका सरसफाइका कार्यक्रमहरूले सम्बोधन गर्न नसकेका समुदायको माग र अनुभवलाई उजागर गर्ने, तिनको आवाजलाई बुलन्द गर्दै तिनका क्रियाकलापमा सहयोग गर्ने र यस्तो अधिकार उपयोगका लागि सहयोग गर्ने कार्यमा अघि बढ्न
- सबैका लागि सरसफाइ र असुरक्षित तरिकाले गरिने मलमूत्र व्यवस्थापनको अन्त्यका लागि सरकारी योजनाहरू र कानून कार्यान्वयनमा ल्याउनका लागि सरकारलाई पैरवी, कानूनी प्रक्रिया र चेतना अभिबृद्धि मार्फत दवाब दिन
- समानता र समावेशी नीति तथा सामुदायिक प्रयासहरू मार्फत् विद्यालय तथा समुदायहरूमा सरसफाइका नवीनतम उदाहरणहरु प्रदर्शन तथा लागू गर्न र त्यस्ता सफल प्रक्रियाहरूको प्रमाण दिन
- स्थानीय तहको क्षमता अभिबृद्धि र उनीहरुको प्रयासमा समर्थन गरी स्थानीय समुदाय, सामुदायिक संस्था र सरकारी संयन्त्रका बीच साझेदारी निर्माणमा सहयोग गर्न
- छात्राहरूको विशेष आवश्यकतालाई ध्यान दिंदै रजस्वला अवधिमा आवश्यक पर्ने कुराहरुको व्यवस्थापन एवं विद्यालय सरसफाइका लागि चेतना बढाउन
- सम्बोधन हुन नसकेका समुहरूलाई सुरक्षित एवं सम्मानजनक जीविकोपार्जन गर्नसक्ने बनाउने कार्यमा हाम्रो सीमित श्रोतहरू केन्द्रित गर्न र आफ्ना अनुभवहरू व्यापक रुपमा बाँड्न

नागरिक समाजसँग सरसफाइ क्षेत्र र सरसफाइको व्यवहार परिवर्तनमा लागेको लामो इतिहास छ । हामी यस क्षेत्रमा विद्यमान सरसफाइ सङ्कटलाई सम्बोधनका लागि दक्षिण एशियाली सरसफाइ सम्मेलन लाई समर्थन गर्न विगतका र भावी घोषणा पत्रका प्रतिबद्धताहरू संयुक्त रुपमा लागू गर्न र तिनको अनुगमन गर्न प्रतिबद्ध छौं । सबैका लागि सरसफाइ प्राप्त गर्न सबैको सहकार्य आवश्यक रहेको महसुस गर्दै सहकार्यको भावनाले हामी यहाँहरू समक्ष यो घोपषापत्र प्रस्तुत गर्दछौं ।

♦♦

# तेस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN III) पूर्व नागरिक समाजको भेलाद्वारा जारी घोषणा पत्र

## २००८

### विश्व युवा केन्द्र, नयाँ दिल्ली, भारत

### १७ नोभेम्वर, २००८

# तत्काल कदम चाल्न हाम्रो माग

हामी दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN) को पूर्वसन्ध्यामा फ्रेशवाटर एक्शन नेटवर्क दक्षिण एशिया (FANSA), वाटरएड र खानेपानी तथा सरसफाइ साझेदारी परिषद् (WSSCC) द्वारा यही २००८ नोभेम्बर १६ र १७ मा भारतको राजधानी नयाँ दिल्लीमा आयोजित नागरिक भेलाका सहभागीहरू लगायत बङ्गलादेश, भुटान, भारत, नेपाल, पाकिस्तान र श्रीलङ्कामा विभिन्न चरणमा गरिएका राष्ट्रियस्तरका परामर्श बैठकहरूमा सहभागी सबै गैरसरकारी संस्था, समुदायमा आधारित संस्था एवं नागरिक समाजका प्रतिनिधिहरू तेस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलनका प्रतिनिधिमण्डललाई निम्नानुसारको घोषणापत्र प्रस्तुत गर्दछौं ।

दक्षिण एशियामा व्याप्त सरसफाइ सङ्कट समाधानका लागि तत्काल कदम चाल्न आवश्यक छ । दुई वर्ष अगाडि सम्पन्न दोस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलनपछि मात्र झाडापखालाका कारण यस क्षेत्रमा दश लाख बालबालिकाको मृत्यु भइसकेको छ । यस क्षेत्रमा रहेका एक अर्ब जनसंख्यामध्ये ठूलो संख्या सरसफाइ सेवाविहीन अवस्थामा रहेको छ । यसले मानिसहरूले भोगिरहेको अत्यन्त कष्टपूर्ण अवस्थालाई उजागर गर्नुका साथै स्वस्थ, उन्नत र सम्मानजनक जीवनयापन गर्ने उनीहरूको अधिकारमा पनि व्यवधान खडा गरेको छ ।

नेपाली भाषामा स्वतन्त्र अनुवाद,
फ्रेस वाटर एक्सन नेटवर्क
दक्षिण एशिया नेपाल च्याप्टर



## रजस्वला अवधिको सरसफाइ

रजस्वला अवधिमा गरिने अस्वस्थकर बानी व्यवहारका कारण दक्षिण एशियाली क्षेत्रका महिलाहरूले ठूलो सास्ती खेपिरहेका छन् जुन प्रत्यक्षरुपमा देखिंदैन । यो विषय धार्मिक तथा सांस्कृतिक धारणाहरूसँग पनि गाँसिएको हुनाले सरसफाइ प्रवर्द्धन कार्यक्रमहरूमा बाधा पुगेको छ ।

### सरकारलाई हाम्रो आह्वान:

रजस्वला अवधिको सरसफाइलाई पनि स्वास्थ्य र सरसफाइको अभिन्न अङ्गको रुपमा मान्यता दिन र यसलाई स्वास्थ्य र सरसफाइका कार्यक्रमहरूसँग एकीकृत गर्दै यस विषयमा मानिसहरूको चेतना र क्षमता अभिबृद्धि गर्न हामी सरकारलाई आह्वान गर्दछौं ।

## समावेश हुन नसकेका/विकासको अवसरबाट वञ्चित समूहहरू

जनसंख्याको ठूलो हिस्सासम्म सरसफाइका कार्यक्रमहरू पुग्न सकेको छैन । विशेष गरेर अपाङ्ग, एच आइ भी वा एड्स पीडित, आदिवासी र अपहेलित जाति, धार्मिक समूह, शरणार्थी, निर्माण मजदुर, शहरी अव्यवस्थित बस्तीका बासिन्दा, घरबारविहीनहरू, प्राकृतिक विपत्तिबाट पीडितहरू, आन्तरिक विस्थापितहरू र विकट क्षेत्रका बासिन्दाहरू यस अन्तर्गत पर्दछन् ।

### सरकारलाई हाम्रो आह्वान:

- सरसफाइ कार्यक्रमहरूले समेट्न नसकेकाहरूको मुद्दाका विषयमा सबै तहबाट चेतना बढाउने र यससित सम्बन्धित नीतिनिर्माण गरी माथि उल्लेखित वर्गहरुलाई समावेश गर्नका लागि प्रतिबद्धता गर्ने
- सरसफाइका सबै कार्यक्रमहरूमा गरीब र सीमान्तकृतहरूको पहिचान गर्ने तरिकाहरू समावेश गर्ने र त्यसलाई अपनाई सो वर्गमा भएको पहुँचको अनुगमन गर्ने

## शासन

वास्तविक स्थितिमा आधारित स्पष्ट तथ्याङ्कको अभाव र अस्पष्ट संरचनागत व्यवस्थाका कारण रहेको कमजोर जवाफदेहीपनले सरसफाइ क्षेत्रको प्रगतिलाई सीमित गरेको छ । योजना निर्माण र लागू गर्ने प्रक्रियामा समुदायमा आधारित संघसंस्था, नागरिक समाजका प्रतिनिधिमूलक संस्था र स्थानीय सरकारहरूलाई धेरैजसो किनारा लगाउने गरिन्छ । सुशासन र सेवा प्रदानको उपलब्धि सुधारका लागि यस क्षेत्रमा सूचनाको हकसम्बन्धी हालै भएका विकासलाई उपयोगमा ल्याउन सकिन्छ ।

### सरकारलाई हाम्रो आह्वान:

- सम्बद्ध सबै मन्त्रालयहरूका साथै सबैसँग समन्वय गर्दै राष्ट्रियस्तरमा जवाफदेही नेतृत्व निर्माण गर्न
- स्थानीय तहका सबै पक्षसँग समन्वय गर्दै सरसफाइका सबै कार्यक्रमहरूमा स्थानीय सरकारहरूलाई योजना निर्माण र लागू गर्नका लागि केन्द्रीय भुमिकामा राख्न
- सबैलाई सरसफाइ सेवा पुऱ्याउने सरकारी लक्ष्य पूरा गर्न र राहतको न्यायोचित उपयोगका लागि आवश्यक आर्थिक प्रावधानका साथ सरसफाइका लागि छुट्टै बजेट निर्माण गर्न
- सरसफाइको स्थिति र कार्यक्रम लागू गरिएको प्रक्रियाको स्वतन्त्र मूल्याङ्कन गर्ने संरचना निर्माण गर्न



## स्वास्थ्यसम्बन्धी उपलब्धि

सरसफाइको प्रमुख उपलब्धि भनेको सुस्वास्थ्य हो । स्वास्थ्य सुधारको सबभन्दा कम खर्चिलो उपायमा सरसफाइ प्रबर्द्धन पर्दछ । सरसफाइका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने र सरसफाइमा लगानी गर्न जरुरी छ भन्ने कुरा नीतिनिर्माताहरूलाई बुझाउने दुवै कामका लागि सरसफाइका अभावले स्वास्थ्यमा पार्ने नकरात्मक प्रभावका बारेमा धेरैभन्दा धेरै तथ्यहरुको आवश्यकता पर्दछ ।

### सरकारलाई हाम्रो आह्वान:

- सरसफाइ कार्यक्रमहरूको रुपरेखा तयार पार्न र यसले स्वास्थ्य सुधारमा पार्ने प्रभावको सुपरीवेक्षण गर्न काममा स्वास्थ्य क्षेत्रलाई पनि संलग्न गराउन
- नीतिनिर्माण र कार्यक्रमको योजना तयार गर्ने आधार बनाउनका लागि मलमूत्रका कारण उत्पन्न हुने रोगहरू फैलिएको बारेमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने संरचनाको विकास गरी सुदृढ गर्न

## शहरी सरसफाइ

स्वच्छ वातावरण र शहरी क्षेत्रमा बसोबास गर्ने विपन्नहरूको प्रतिष्ठाका लागि ठोस तथा तरल फोहोर व्यवस्थापनमा शहरी सरसफाइको मुद्दा एकदमै महत्वपूर्ण रहेको छ ।

### सरकारलाई हाम्रो आह्वान:

- शहरभित्र र वरपरका समुदायहरूमा सरसफाइको पहुँच सुनिश्चित गर्न, आधारभूत सरसफाइ सेवाको पहुँचलाई भू-स्वामित्व र बसोबासको सुनिश्चितताबाट अलग्याउन र सबै सार्वजनिक स्थानहरूमा सरसफाइ सुविधा सुनिश्चित गर्न
- सबै सरोकारवालाहरू सहभागी हुनसक्ने गरी शहर र वरपरका क्षेत्रहरूमा विद्यमान संरचनाहरूको क्षेत्रगत नक्सा तयार गर्न एवं सो सूचनाको आधारमा लगानी र कार्यक्रम चलाउन
- समुदाय, सार्वजनिक र निजी क्षेत्रसँगको साझेदारीमा विकेन्द्रीकरणको अवधारणा अनुरुप उचित र सुधारिएको प्रविधि प्रबर्द्धन गर्न एवं स्थानीय प्रयासहरूलाई बढावा दिन

## मानवद्वारा गरिने मलमूत्र व्यवस्थापन

मानिसलाई असुरक्षित तरिकाले नाङ्गो हातले मलमूत्र व्यवस्थापन गराउँदा मानव अधिकारको हनन् हुन जान्छ । यसले मानिसको आत्मसम्मानको अपहेलना गर्नुका साथै यो निकृष्ट किसिमको जातीय भेदभाव पनि हो । केही देशहरूमा यस्तो चलन उन्मूलन गर्न कानून बनिसकेता पनि लागू भएको छैन ।

**सरकारलाई हाम्रो आह्वान:**

- मानिसले असुरक्षित तरिकाले नाङ्गो हात प्रयोग गरेर मलमूत्र व्यवस्थापन गरेको कुरा स्वीकार्दै यस्तो प्रचलनको यकीनका साथ निर्क्यौल गर्न यसको तथ्याङ्क राख्न
- यस्तो प्रचलन पूर्णतया उन्मूलन नभएसम्म सरसफाइकर्मीहरुका सुरक्षाका लागि र हानिकारक फोहोरसँग मानिसको संसर्ग हुन नदिन फोहर व्यवस्थापनमा सुधारका साथै आवश्यक प्रविधिहरू प्रचलनमा ल्याउन
- सन् २०१० सम्ममा असुरक्षित तरिकाले गरिने मलमूत्र व्यवस्थापन गर्ने कार्यलाई उन्मूलन गर्न र त्यस्तो कार्यमा संलग्न व्यक्ति एवं तिनका परिवारलाई शिक्षा र वैकल्पिक जीविकोपार्जनका लागि सहयोग गर्न

## शैक्षिक संस्थाहरूमा सरसफाइ

दक्षिण एशियाली क्षेत्रका धेरै विद्यालयहरूमा बालबालिकाहरू, अझ विशेष गरेर छात्राहरूका लागि पर्याप्त सरसफाइ सुविधाको अभाव छ । सरसफाइ प्रबर्द्धन व्यवहार परिवर्तनसँग गाँसिएको छ । कलिलो उमेरमा नै मानिसले बानीव्यहोरा सिक्ने भएकाले विद्यालयको सरसफाइ शिक्षाले स्वस्थ भावी पुस्ता निर्माणमा सहयोग गर्छ । अझ बालबालिकाहरू त परिवर्तनका वाहक नै हुन् ।

**सरकारलाई हाम्रो आह्वान:**

- रजस्वला अवधिका लागि पनि सरसफाइ गर्न सुविधा सम्पन्न (साबुन र पानीको व्यवस्था सहित) चर्पीको निर्माण एवं सम्भार गर्न निजी विद्यालयहरूलाई नियमन गर्न र सरकारी विद्यालयहरूलाई यसका लागि बजेटको व्यवस्था गर्न
- सरसफाइ शिक्षालाई पाठ्क्रमको अभिन्न अङ्गको रुपमा समावेश गर्न र विद्यालयस्तरिय सरसफाइ शिक्षासम्बन्धी कार्यक्रमहरूको सुपरीवेक्षण गर्न



सन् २००३ मा बङ्गलादेशमा आयोजित पहिलो दक्षिण एशियाली सरसफाइ सम्मेलनदेखि दक्षिण एशियाली सरकारहरूले महत्वाकांक्षी कार्ययोजनाको प्रतिबद्धता सहितका दुईवटा मन्त्रीस्तरीय घोषणापत्रहरू जारी गरिसकेका छन् । ती प्रतिबद्धताहरूको सम्मान गरिनुपर्छ । उच्चस्तरिय राजनैतिक प्रतिबद्धता, साझेदारी र समन्वय तथा सुशासनको अभाव यस क्षेत्रको प्रगतिका बाधकको रुपमा रहेका छन् । यी प्रतिबद्धताहरू केही हदसम्म पूरा भएको कुरामा हाम्रो सहमति रहँदारहँदै पनि सरसफाइको अभावले पारेको हदैसम्मको मानवीय क्षतिले यसलाई सामान्य रुपमा नलिई सरसफाइ सेवा विस्तार द्रुतगतिमा गर्नुपर्ने खाँचो औंल्याएको छ ।

हामीले सरसफाइमा साधारण नागरीकको पहुँचका लागि निम्नलिखित आठ प्रमुख मुद्दाहरूको पहिचान गरेका छौं, जसमा समतामूलक र दिगो विकास जस्ता कुराहरु रहेका छन् । हामी समुदाय, सरकार, अन्तर्राष्ट्रिय नियोग एवं निजी क्षेत्रसँग सहकार्य गर्दै यी मुद्दाहरूमा काम गर्ने, उदाहरणीय नमूनाहरू विकास गर्ने, नयाँपनको खोजीका साथै सफल प्रयासहरूको प्रदर्शन गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

## खानेपानी र सरसफाइको अधिकार

सरसफाइमा पहुँच विकासको आवश्यकता मात्र नभएर अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूमा आधारित एक मानव अधिकार पनि हो । सुस्वास्थ्यका लागि सरसफाइ हुन नजिकै पानीको उपलब्धता पनि जरुरी छ । यस क्षेत्रका धेरै सरकारहरूले सन् २००७ को पहिलो एशिया प्रशान्त पानी सम्मेलनमा “बेप्पुको सन्देश”मा स्वच्छ खानेपानी र आधारभूत सरसफाइलाई अधिकारको रुपमा मान्यता दिइसकेको छ । स्वच्छ खानेपानी र आधारभूत सरसफाइमा पहुँच मानव अधिकारका साथै मानवोचित सुरक्षा र सम्मानका लागि अपरिहार्य पक्षका रुपमा लिइएको पुरानो मान्यतालाई पुनः अनुमोदन गर्न हामी सरकारहरूलाई आह्वान गर्दछौं ।